मिति: २०७७/०४/२३

डा. पद्म प्रसाद खतिवडाज्यू
उपाध्यक्ष, समाज कल्याण परिषद् नेपाल

विषय : सुझाव पेश गरिएको सम्वन्धमा ।

सर्वप्रथम नेपाल सरकारको निर्णय अनुसार समाज कल्याण परिषद्को जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नुभएकोमा समाज कल्याण परिषद्का उपाध्यक्ष तथा एनसिई नेपालका सल्लाहकार डा. पद्म प्रसाद खतिवडा, सदस्य -सचिव पुस्कर खाती लगायत टिमका सबै सदस्य महानुभावहरुलाई हार्दिक वधाई तथा कार्यकाल सफलताको हार्दिक शुभकामना छ ।

नेपालको लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न देखि यसको अभ्याससम्म पनि नागरिक संगठनहरुको महत्वपूर्ण योगदान रहेको छ । मानव अधिकार, शिक्षा अधिकार, सुशासन, सामाजिक न्याय, गरिबी न्युनिकरण, सामुदायिक विकास, सामाजिक समानता र सचेतना आदि विभिन्न क्षेत्रमा नागरिक संगठन नेपाल सरकारको विकास साझेदारको रुपमा क्रियाशील रहदै आएको छ । समाज र समुदायमा समानता र समन्यायको लागि पैरवी गर्दै आएको नागरिक समाजको अंगको रुपमा रहेको गैर सरकारी संस्था क्षेत्र लोकतन्त्रको पुनर्स्थापना देखि गणतन्त्रात्मक शासन व्यवस्थाको अवस्थासम्म पनि न्याय पाउन नसककेको अवस्थामै छ ।

नेपालमा शिक्षा क्षेत्रमा कार्यरत करिब पांच सय संस्थाहरुको राष्ट्रिय संजाल शिक्षाका लागि राष्ट्रिय संजालले अब देखि समाज कल्याण परिषद्बाट नेपालका नागरिक संगठनहरुको पक्षमा सहजकर्ताको रुपमा भूमिका निर्वाह हुनेछ भन्ने अपेक्षा गर्दछ । यस सन्दर्भमा एनसिई नेपाल आफ्ना सदस्य संस्थाको तर्फबाट गैर सरकारी संस्थाहरुको लागि अभिभावकत्व गर्ने लक्ष्य लिएको समाज कल्याण परिषद्को नयां नेतृत्व र टिमका सबै सदस्यलाई वधाई र शुभकामनाका साथ सुझाव पेश गर्दछ ।

धन्यवाद ।

लाल बहादुर ओली
महासचिव

डिल्लीराम सुबेदी
अध्यक्ष

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल

गैर सरकारी संस्था तथा नागरिक संगठनहरुको सम्बन्धमा समाजकल्याण परिषद्मा पेश गरिएको

सुझाबहरु

१) नेपालको संविधानले प्रदान गरेको नागरिकहरुको संगठित हुन पाउने र संघ/संस्था खोल्न पाउने हक सुनिश्चित गर्दै विगत दुई दशक भन्दा लामो समय देखि बेलाबेला छलफलमा आउने तर कार्यान्वयन हुननसकेको सामाजिक विकास ऐन तत्काल ल्याउनु पर्ने । उक्त ऐन निर्माणमा नागरिक समाजका संघसस्थाहरुको संस्थागत सहभागिता हुनु पर्ने । गैससको व्यवस्थापनका लागि सामाजिक विकास परिषद्को व्यवस्था हुनुपर्ने ।

२) नागरिक संगठन, संस्था, गैससको स्पष्ट परिभाषा गरिनुपर्ने ।

३) सामाजिक संस्था स्वायत्त र स्वतन्त्र हुने कुराको स्पष्ट व्यवस्था गरिनु पर्ने ।

४) कम्पनी ऐन २०६३ अन्तर्गत गैरनाफामुलक कम्पनी दर्ता गर्ने व्यवस्था खारेज गर्नु पर्ने ।

५) गैसस दर्ता, नियमन र नविकरणमा एकद्वार प्रणाली भित्र गर्ने व्यवस्था गर्ने ।

माथि उल्लेखित लगायत परिषददको नामाकरण, कार्य क्षेत्र धेरै कुरा सामाजिक विकास ऐनले सुनिश्चित गर्नुपर्दछ । एनसिई नेपाल तत्काल गर्नुपर्ने तपसिलका विषयमा सुझाब पेश गर्दछ:

गैसस सम्बन्धी:

६) गैर सरकारी संस्थाहरु स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद्मा समेत शुःल्क तिरेर नविकरण हुनुपर्ने अवस्था छ । एकै संस्था यसरी धेरै निकायमा नविकरण हुनुपर्ने व्यवस्था खारेज गरिनुपर्ने ।

७) दिगो विकास लक्ष्यको साझेदारीताको भावनालाई आत्मसात गर्दै नागरिक समाजका संघ सस्थालाई राज्यले विकास प्रकृयामा साझेदार तथा सहयोगी सस्थाको रुपमा सम्मान हुने वातावरण तयार गरिनुपर्ने ।

८) गैरसरकारी संघ/संस्थालाई भ्याटमा दर्ता गर्नुपर्ने सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था खारेज गर्न पहल गर्नुपर्ने ।

९) स्थानीय तहमा बन्ने नीति, ऐन, कानून, नियमावली तथा योजना कार्यक्रमहरु नागरिक र गैससमैत्री बनाउन सहज गर्नुपर्ने ।

१०) पेरिस घोषणा-पत्र, आक्रा एजेण्डा अफ एक्सन, बुसान साझेदारी-पत्र र मेक्सिको बैठक निर्णयहरुको भावना र मर्म विपरित र नेपाल सरकारले जारी गरेको ऐन-कानून समेतको वेवास्ता गर्दै केहि अन्तर्राष्ट्रिय गैससहरु लगायत अन्तर्राष्ट्रिय निकायहरुले जिल्ला स्तरमा समेत कार्यालय स्थापना गरी प्रत्येक्ष परियोजना संचालन गरिरहेको र साझेदार संस्था प्रति साझेदारीताका सिद्धान्त विपरित भएका व्यवहारमा तत्काल सुधार हुनुपर्ने ।

११) संयुक्त राष्ट्रसंघीय मानवअधिकार घोषणा पत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धी, विकास अधिकार सम्बन्धी अभिसन्धी र नेपाल पक्ष राष्ट्र भएको अन्य थुप्रै अन्तरराष्ट्रिय अभिसन्धी र घोषणापत्रहरुको पक्ष राष्ट्र भएको हैसियतले नेपालले पाउने अन्तराष्ट्रिय सहयोग सम्मानजनक रुपमा पाउन पैरवी गर्नुपर्ने ।

१२) विकास सहायता नीति २०७१ आवश्यक परिमार्जन गरी व्यवहारिक र गैससमैत्री बनाइनुपर्ने ।

१३) नेपाललाई छुट्याईएको Earmark बजेटमा अन्तराष्ट्रिय संस्थाहरुको पहुंच रोक्नुपर्ने ।

१४) सहयोगी संस्थाहरुले साझेदार संस्था छनौट गर्दा पारदर्शिताका साथ विवादरहित बनाउने व्यवस्था हुनुपर्ने ।

१५) गैसस तथा नागरिक संस्था सम्बन्धी ऐन, कानुन बनाउंदा सरकारका तीनै तहमा गैसस तथा तीनका विषयगत संजालहरुको सस्थागत सहभागिता (Institutinalized Participation) गराउनुपर्ने । यस क्षेत्रमा सहयोग गर्न शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल सदा तत्पर रहने प्रतिबद्धता व्यक्त गर्दछ ।

१६) नेपालको विकासमा सहयोग पुर्याउने उदेश्यले प्राप्त भएको द्विपक्षिय तथा बहुपक्षिय सहयोगमा परामर्शदाताको नाममा अधिक रकम विदेशी नागरिकहरुको हातमा जाने हुँदा नेपालको लागि आएको सहयोगमा परामर्शदाताहरु नेपाली नागरिकहरुबाटै हुनु पर्ने व्यवस्था लागु गर्ने ।

१७) दिगो विकास लक्ष्यको प्रमुख भाव कसैलाई पछाडी नपारौ (Leave No one Behind) भन्ने प्रतिवद्धतालाई आत्मसात दिगो विकासको कार्यन्वयनमा बहुपक्षिय साझेदारीताको विकास गर्दै स्थानीय, प्रदेश र संघीय तहमा नागरिक समाजको साझेदारीताको सुनिश्चित गर्ने कानुन निर्माण गरिनु पर्ने ।

सार्वजनिक शिक्षा सम्बन्धी:

१८) अन्तराष्ट्रिय मापदण्ड अनुसार शिक्षामा कुल वार्षिक बजेटको २० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको ६ प्रतिशत बजेट विनियोजन हुनुपर्नेमा १०-१२ प्रतिशतमै सीमित छ । समाज कल्याण परिषद्ले शिक्षा क्षेत्रमा कार्यरत अन्तराष्ट्रिय संस्थाहरुलाई शिक्षा क्षेत्रमा बजेट बढाउन र दुर्गम क्षेत्रका समुदायमा काम गर्ने गरि स्थानयि संघ सस्थाहरुलाई सहजीकरण तथा अभिप्रेरित गर्नुपर्ने ।

१९) शिक्षामा बढ्दो निजिकरणलाई नियमन तथा न्युनिकरण गर्दै नेपालको संविधानले व्यबस्था गरेको निशुल्क तथा अनिवार्य शिक्षा पाउने अधिकार सुनिश्चितता हुने गरि स्थानीय, प्रादेशिक तथा संघीय सरकारद्धारा आआफ्नो तर्फवाट कार्यक्रम तथा पहल कदमी गर्नु पर्ने ।

२०) शैक्षिक क्षेत्रलाई पूर्णरुपमा राजनीतिक हस्तक्षेपमुक्त वनाउँदै विद्यालय र बालबालिका शान्तिक्षेत्र बनाउन गरिएका प्रतिवद्धता पूर्ण रुपमा कार्यान्वयन हुने गरि कानुन निर्माण गर्नु पर्ने ।

२१) हालको संघिय संरचना र दिगो विकास लक्ष्यको समयावधीलाई ध्यानमा राखि दिगो विकास लक्ष्य ४ को प्रभावकारी कार्यन्वयनका लागि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार सरकारको तहमा प्रयाप्त कानुनी प्रवन्ध हुनु पर्ने ।